**नगर सभाबाट स्वीकृत मितिः**

२०८०/०३/१५

**प्रमाणीकरण तथा प्रकाशित मितिः**

२०८०/०३/२५

# भिमाद नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८०

**प्रस्तावनाः** भिमाद नगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ देखि अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, कर घटाउने, बढाउने, छुट दिने तथा राजश्व प्रशासन सम्बन्धी प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम भिमाद नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "भिमाद नगरपालिकाको आर्थिक ऐन, २०८०" रहेको छ। यो ऐन २०८० साल श्रावण १ गतेदेखि भिमाद नगरपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **सम्पत्ति करः** नगरपालिकाका क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमीकर (मालपोत):** नगरपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमीकर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

४. **घर बहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल गरिनेछ ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कबाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ्ग, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोबार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

७. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **मनोरञ्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **<u>पटके व्यवसाय करः</u>** नगरपालिका क्षेत्रभित्र घुम्ती व्यापार गर्नेलाई अनुसूची (८) मा उल्लेख भए अनुसार कर लगाइने छ ।

१०. **<u>स्वास्थ्य सेवा शुल्कः</u>** नगरपालिकाभित्र दर्ता तथा अनुमति लिई सञ्चालन भएका स्वास्थ्य संस्थाहरुमा अनुसूची -९ बमोजिम स्वास्थ्य सेवा शुल्क लगाई असुल उपर गरिनेछ ।

११. **<u>सरसफाई शुल्कः</u>** अनुसूची-१० बमोजिम सरसफाई शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१२. **<u>शिक्षा सेवा शुल्कः</u>** अनुसूची-११ बमोजिम शिक्षा सेवा शुल्क लगाई असुल उपर गरिनेछ

१३. **<u>एफ एम सञ्चालन दस्तुरः</u>** अनुसूची-१२ बमोजिम एफ.एम. सञ्चालन दस्तुर लगाई असुल उपर गरिनेछ।

१४. **<u>न्यायिक दस्तुरः</u>** अनुसूची-१३ बमोजिम न्यायिक दस्तुर लगाई असुल उपर गरिनेछ

१५. **<u>परिक्षा शुल्कः</u>** अनुसूची-१४ बमोजिम परीक्षा शुल्क लगाई असुल उपर गरिनेछ ।

१६. **<u>नक्सा पास दस्तुरः</u>** अनुसूची-१५बमोजिम नक्सा पास दस्तुर लगाई असुल उपर गरिनेछ

१७. **<u>स्थानीय उत्पादन शुल्कः</u>** अनुसूची अनुसूची-१६मा उल्लेख भएका स्थानीय उत्पादनको कारोबार गरे वापत स्थानीय उत्पादन शुल्क लगाइने र असुल उपर गरिनेछ।

१८. **<u>पार्किङ शुल्कः</u>** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१७) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१९. **<u>सेवा शुल्क दस्तुरः</u>** नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (१८) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

२०. **<u>साना सवारी साधन करः</u>** नगरपालिका क्षेत्रभित्र दर्ता भएका साना सवारी साधनमा अनुसूची (१९) बमोजिम साना सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

२१. **<u>पर्यटन शुल्कः</u>** नगरपालिकाले आफैले निर्माण गरेको पर्यटकीय क्षेत्र तथा स्थलहरुमा प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (२०) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ ।

२२. **<u>बहाल बिटौरी शुल्कः</u>** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका हाट बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ।

(२) नगरपालिका क्षेत्रभित्रको ऐलानी तथा प्रति जग्गा प्रयोग गरेबापत बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ।

(३) अव्यवस्थित, भूमीहिन र सुकुम्बासी बस्ती बसोबास भएको स्थानमा घरले चर्चेको जग्गाको दोब्बर सम्मको जग्गा र सो जग्गामा निर्माण भएको घरमा बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ।

(४) अव्यवस्थित, भूमीहिन र सुकुम्बासीले जोतभोग गर्दै आएको अन्य जग्गामा अव्यवस्थित बसोबास पूर्वाधार विकास शुल्क बापत बहाल विटौरी कर लगाइने र असुल उपर गरिनेछ।

(५) उपदफा १, २, ३ र ४ मा उल्लेखित शुल्कको दर अनुसूची- २१ मा उल्लेख भए बमोजिम हुनेछ।

२३. **जलस्रोतको उपयोग तथा अनुमति दस्तुर:** अनुसूची-२२ बमोजिम जलस्रोतको उपयोग तथा अनुमति दस्तुर लगाई असुल उपर गरिनेछ ।

२४. **प्राकृतिक स्रोत शुल्कः** भिमाद नगरपालिका अन्तर्गतका वन क्षेत्र निजी जग्गामा रहेका रोडा, गेग्रान, स्लेट ढुङ्गा, चट्टान ढुङ्गा, गिटी ढुङ्गा, चिप्स, इट्टा पार्ने माटो, अन्य साधारण माटो, बालुवा, चुनढुङ्गा, नदी तथा खोलाले बगाएर ल्याएको  काठ, कुकाठ र दाउरा-जराजुरी लगायतका दहत्तर-बहत्तर जस्ता खानीजन्य पदार्थको उत्खनन र सङ्कलनमा अनुसूची-२३ बमोजिम शुल्क लगाइ असुल उपर गरिनेछ।

२५. **प्रशासनिक दण्ड जरिवाना:** अनुसूची-२४ बमोजिम दण्ड जरिवाना लगाई असुल उपर गरिनेछ ।

२६. **करको दर घटाउन, बढाउन र छुट दिन सक्नेः** (१) नगर कार्यपालिकाले आवश्यकता अनुसार यो ऐन तथा अन्य प्रचलित कानून बमोजिम लगाएको कर, दस्तुर, महशुल र शुल्कको दर घटाउन, बढाउन र त्यस्तो कर, दस्तुर, महशुल र शुल्क आंशिक रुपमा छुट दिन सक्नेछ।

(२) उपदफा १ बमोजिमको कर, दस्तुर, महशुल र शुल्कको दर बढाइएको, घटाइएको र छुट दिएको सूचना स्थानीय राजपत्रमा प्रकाशित गर्नुपर्नेछ।

२७. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची-१
**(दफा २ संग सम्बन्धित)**

सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम

## अनुसूची-२
**(दफा ३ संग सम्बन्धित)**

सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम

## अनुसूची-३
**(दफा ४ संग सम्बन्धित)**

**घर बहाल कर**

| सि.नं. | करसूचि | विवरण | दर (रु.) | कैफियत |
|---|---|---|---|---|
| १. | घरबहाल कर | सरकारी निकाय तथा अन्य संघ संस्था, कम्पनी लि.ले बहालमा लिएको घर जग्गा भवन | १० प्रतिशत | |
| | | एकलौटी फर्म साझेदारी तथा प्रा.लि. ले बहालमा लिएको घर तथा भवन | १० प्रतिशत | |
| | | व्यक्तिले आवासिय प्रयोजनका लागि बहालमा लिएको घर | ५ प्रतिशत | |
| २. | जग्गाबहाल कर | उत्पादनमूलक व्यवसायिक कृषि प्रयोजनको लागि बहालमा लिएको जग्गा | ३ प्रतिशत | |
| | | व्यापार तथा व्यवसायिक प्रयोजनको लागि बहालमा लिएको जग्गा | ५ प्रतिशत | |

**दृष्ट्व्यः**

१. बहाल कर निर्धारण गर्दा दुई पक्ष बिच भएको बहाल सम्झौता रकमलाई आधार मानेर गरिनेछ।
२. घर बहालमा लगाउने व्यक्ति घर बहाल करको करदाता हुनेछ तर कम्पनी वा संस्था मार्फत घर बहालमा दिएको हकमा उक्त कम्पनी वा संस्था घर बहालको करदाता हुनेछ।

## अनुसूची-४
**(दफा ५ संग सम्बन्धित)**

**व्यवसाय कर**

| सि.नं. | व्यवसायको विवरण | दर (रु.) | कैफियत |
|---|---|---|---|
| १. | होटल, लज एवं साधारण होटल | | |

| सि.नं. | व्यवसायको विवरण | दर (रु.) | कैफियत |
|---|---|---|---|
| क. | १० बेड भन्दा माथि | २५०० | |
| ख. | ६ देखि १० बेड सम्म | २००० | |
| ग. | ६ बेड सम्म | १५०० | |
| २. | रेष्टुरेन्ट (मःम, तास, सेकुवा आदि) | १००० | |
| ३. | मिठाई पसल | १००० | |
| ४. | कपडा पसल | | |
| क. | थोक | २००० | |
| ख. | खुद्रा | १५०० | |
| ५. | फेन्सी पसल | २००० | |
| ६. | व्यूटि पार्लर | १५०० | |
| ७. | कस्मेटिक | १००० | |
| ८. | ऊनी धागो पसल | १००० | |
| ९. | जुत्ता चप्पल पसल | १५०० | |
| १०. | निर्माण सामाग्री (हार्डवयर) | ३५०० | |
| ११. | खाद्यान्न, किराना | | |
| क. | थोक | ३५०० | |
| ख. | खुद्रा | ७०० | |
| १२. | भाडापसल (थोक/खुद्रा) | २५०० | |
| १३. | पुस्तक/स्टेसनरी/गिफ्टपसल | १५०० | |
| १४. | छापाखाना/अफसेट/प्रेस | २००० | |
| १५. | आर्ट/फ्लेक्सप्रिन्ट | १५०० | |
| १६. | फोटो स्टुडियो | १५०० | |
| १७. | इन्टरनेट इन्ट्रानेट | | |
| क. | चालुपूँजी ५ लाख सम्म | २५०० | |
| ख. | चालुपूँजी १० लाख सम्म | ३५०० | |
| ग. | चालुपूँजी १०लाख भन्दा माथि | ४५०० | |

| सि.नं. | व्यवसायको विवरण | दर (रु.) | कैफियत |
|---|---|---|---|
| १८. | केवल नेटवर्क/ डिसहोम | ३५०० | |
| १९. | टि.भी.,फ्रिज, घडी, रेडियो बिक्री | २५०० | |
| २०. | टि.भी., फ्रिज, घडी, रेडियो आदि मर्मत | १००० | |
| २१. | मोबाइल बिक्रि तथा मर्मत | २००० | |
| २२. | पंखा तथा स्टोभ मर्मत | १००० | |
| २३. | साइकल बिक्री तथा मर्मत | १५०० | |
| २४. | मोटरसाइकल, मोटर पार्ट्स/ वर्कसप | ३००० | |
| २५. | मोटरसाइकल सोरुम | ५००० | |
| २६. | गाडी सोरुम | २०००० | |
| २७. | ड्राईभिङ इन्ष्टिच्यूट | ३००० | |
| २८. | टायर | | |
| क. | विक्री | १५०० | |
| ख. | मर्मत | ७०० | |
| २९. | ग्रिल उद्योग | २००० | |
| ३०. | टेण्ट हाउस/ साउण्ड सिस्टम | १५०० | |
| ३१. | लाउण्ड्री पसल | ७०० | |
| ३२. | मादल पसल | ५०० | |
| ३३. | गोवरग्याँस कम्पनी | १५०० | |
| ३४. | पाउरोटी /चाउमिन उद्योग तथा भण्डार | १००० | |
| ३५. | चलचित्र मन्दिर | १५०० | |
| ३६. | बैंक/वित्तीय संस्था/सहकारी संस्था | | |
| क. | क र ख वर्गको लागि | १२००० | |
| ख. | ग र घ वर्गको लागि | ८५०० | |
| ग. | इस्योरेन्स कम्पनी | १०००० | |
| घ. | लघुवित्त वित्तीय संस्था | ८००० | |
| ङ. | वचत तथा ऋण सहकारीको लागि | ७५०० | |

| सि.नं. | व्यवसायको विवरण | दर (रु.) | कैफियत |
|---|---|---|---|
| च. | महिला सहकारीको लागि (बचत तथा ऋण) | १५०० | |
| छ. | कृषि सहकारीको लागि | १००० | |
| ३७. | कलर ल्याव | २००० | |
| ३८. | पशु औषधी पसल | | |
| क. | बजार क्षेत्र | २००० | |
| ख. | ग्रामिण क्षेत्र | ७५० | |
| ४०. | बीज भण्डार | | |
| क. | बजार क्षेत्र | १५०० | |
| ख. | ग्रामिण क्षेत्र | ७५० | |
| ४१. | दाना विक्रि पसल | १२०० | |
| ४२. | इलेक्ट्रिक (बिजुली) | | |
| क. | थोक | ४००० | |
| ख. | खुद्रा | २००० | |
| ४३. | रंगरोगन विक्री | ४००० | |
| ४४. | फर्निचर उद्योग | | |
| क. | स.मिल ट्रलि सहित | ७५०० | |
| ख. | स.मिल | ५००० | |
| ग. | सर्कुलर | २५०० | |
| घ. | फर्निचर पसल | २५०० | |
| ४५. | मिल कुटानि पिसानी | १५०० | |
| ४६. | सुनचाँदी प्रा.लि | ७००० | |
| ४७. | सुनचाँदी पसल | ५००० | |
| ४८. | आइसक्रिम | | |
| क. | उद्योग | २००० | |
| ख | पसल | ७०० | |
| ४९. | कपडा सिलाई | | |

| सि.नं. | व्यवसायको विवरण | दर (रु.) | कैफियत |
|---|---|---|---|
| क. | सर्टिङ्ग सुटिङ्ग | २५०० | |
| ख. | सिलाई कटाई | ७०० | |
| ५०. | हेयर कटिङ्ग | | |
| क. | दुई कुर्चि सम्म | १००० | |
| ख. | दुईकुर्चि भन्दा बढी | २००० | |
| ५१. | कानून व्यवसाय | २००० | |
| ५२. | निर्माण व्यवसायी (घ वर्गको इजाजत पत्र) | | |
| क. | दर्ता निवेदन दस्तुर | १५०० | |
| ख. | दर्ता प्रमाण पत्र दस्तुर | १५००० | |
| ग. | नविकरण | ५००० | |
| घ. | प्रतिलिपी | ५०० | |
| ङ. | नामसारी | २५०० | |
| च. | जरिवाना | ३००० | |
| ५३. | आयल पम्प | ५००० | |
| ५४. | फोटोकपि,कुरीयर, फ्याक्स, कम्प्युटर र टेलिफोन (सेवा) | १००० | |
| ५५. | अन्य उद्योग | | |
| क. | साना | ३५०० | |
| ख.. | घरेलु | ६०० | |
| ग. | लघु | १००० | |
| ५६. | सपिङ्ग सेन्टर | ७००० | |
| ५७. | डिपाट्मेन्टल सेन्टस | १५००० | |
| ५८. | तरकारी/फलफूल पसल | ६०० | |
| ५९. | चश्मा पसल | १००० | |
| ६०. | दाँत बनाउने पसल | ३००० | |

| सि.नं. | व्यवसायको विवरण | दर (रु.) | कैफियत |
|---|---|---|---|
| ६१. | सार्वजनिक बाँझो जग्गा नगरपालिकाको कार्यविधि बमोजिम उपयोग गरे बापत लाग्ने शुल्क प्रतिरोपनी | २०० | |
| ६२. | माछा, मासु पसल | १५०० | |
| ६३. | नर्सरी फलफुलका विरुवा विक्री वितरण | ६०० | |
| ६४. | माटोको भाडा बनाउने | ६०० | |
| ६५. | टेक्निकल इन्स्टिच्यूट/ भाषा शिक्षण/ ट्यूसन/ कोचिङ्ग/ होस्टेल | ३००० | |
| ६६. | कन्सल्टेन्सी | | |
| क. | कल्सटेन्सी फर्म संस्थागत दर्ता/नविकरण | ७००० | |
| ख. | इन्जिनियर दर्ता | ३००० | |
| ग. | ओभरसियर दर्ता | २००० | |
| ६७. | ज्योतिष सेवा | ७०० | |
| ६८. | शैक्षिक/वैदेशिक रोजगार कन्सल्टेन्सी फर्म | २५०० | |
| ६९. | अडिटर फर्म | २५०० | |
| ७०. | सिलाई, बुनाई, पेन्टिङ्ग, कटिङ्ग प्रशिक्षण | ७०० | |
| ७१. | विषय विशेषज्ञ /विज्ञ | १००० | |
| ७२. | विभिन्न प्रयोगशाला (ल्याब) | १५०० | |
| ७३. | स्नुकर/पुलवोर्ड | १००० | |
| ७४. | भिडियो गेम | १००० | |
| ७५. | इट्टा भट्टा | ४०००० | |
| ७६. | रेमिटेन्स सेवा मात्र | १००० | |
| ७७. | कटिङ्ग ढुंगा | २५०० | |
| ७८. | क्रसर उद्योग | ५५००० | |
| ७९. | ब्लक उद्योग | ३५०० | |
| ८०. | क्याटरिङ्ग सेवा | १५०० | |
| ८१. | लेखापढी व्यवसाय | १००० | |

| सि.नं. | व्यवसायको विवरण | दर (रु.) | कैफियत |
|---|---|---|---|
| ८२. | मेशिनरी / टुल्स | १५०० | |
| ८३. | प्लाई/सिसा पसल | १५०० | |
| ८४. | डान्स/म्यूजिक प्रशिक्षण सेन्टर | १५०० | |
| ८५. | स्पोर्ट्स हाउस | १५०० | |
| ८६. | पशुपन्छी/मत्स्यपालन | १००० | |
| ८७. | पुजा सामाग्री पसल | ७०० | |
| ८८. | खेलौना/गुडिया/ कुशन बनाउने उद्योग-पसल | ३००० | |
| ८९. | हल्का पेय पदार्थ विक्रि पसल | १००० | |
| ९०. | मदिरा पसल | | |
| क. | थोक | ३००० | |
| ख. | खुद्रा | १५०० | |
| ९१. | कृषि समूह दर्ता | ५०० | |
| | नविकरण | १०० | |
| | म्याद नाघेर आएमा | ५०० | |
| ९२. | कृषि/पशुफर्म (दर्ता /नविकरण) | १००० | |
| ९३. | होम स्टे दर्ता | १०००० | |
| | नविकरण | २००० | |
| ९४. | मोबाइल टावर | १५००० | |
| | नविकरण | १००० | प्रति सेवा |
| ९५. | ढुवानी सेवा | ३००० | |
| ९६. | यातायात सेवा | ३००० | |

**द्रष्टव्य:**

१. नगरपालिकामा करको दायरामा नआएका तर अन्य कार्यालयमा दर्ता भएका वा हाल सम्म व्यवसाय दर्ता नभएका करदातालाई चालु आर्थिक वर्षको असोज महिनाभित्र व्यवसाय दर्ता गरी कर बुझाएमा कर रकमको ३० प्रतिशत छुटको व्यवस्था गरिनेछ

२. नगरपालिकाले जारी गरेको कर छुट योजना अनुसार चालु आ.व. को असोज महिनाभित्र कर बुझाउन नआएमा कुनै पनि छुट योजना लागु हुने छैन ।

३. नगर क्षेत्रभित्र महिलाको स्वामित्वमा रहेको व्यवसायमा २५ प्रतिशत व्यवसाय कर छुट दिइनेछ।

४. पशुजन्य व्यवसायको हकमा पशुसेवा शाखा वा सम्बन्धित पशुसेवा केन्द्रको सिफारिसमा मात्र व्यवसाय दर्ता गरिनेछ ।

५. अनुसूचीमा समावेश नभएका सेवा व्यवसायको कारोबार वा स्तर हेरी वार्षिक रु. ५००। देखि १०,०००। सम्म नगर कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

## अनुसूची-५

**(दफा ६ संग सम्बन्धित)**

### जडिबुटी कवाडी र जीवजन्तु कर

| सि.नं. | करसूचि | दर (रु.) | कैफियत |
|---|---|---|---|
| १. | कवाडी सामानको थोक बिक्रेता | ३००० | |

## अनुसूची-६

**(दफा ७ संग सम्बन्धित)**

### विज्ञापन कर

| सि.नं. | करसूचि | विवरण | एकाई | दर (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १. | विज्ञापन | साईनबोर्ड, ग्लोबोर्ड, होडिङबोर्ड, स्टल आदिमा २५ वर्गफूट सम्म | प्रति वर्गफुट | ५० | |
| | | तुल ब्यानर, स्टिकर, पोष्टर लगायतका (प्रति गोटा) | १ हप्ताको लागि | ५० | |
| | | | १ हप्ता भन्दा बढी | १०० | |
| | | विद्युतिय होर्डिङ बोर्ड, डिजिटल डिस्प्ले प्रति स्लाइड | प्रति वर्ग फिट | २५० | |
| | | पोल व्यानर (हस्त लिखित वा प्रिन्ट) | प्रति गोटा प्रति हप्ता | १०० | |
| | | होर्डिङ बोर्ड, डिपिएस बोर्ड, साइन बोर्ड, ग्लो बोर्ड २५ वर्ग फिट भन्दामाथि | प्रति वर्ग फिट | १८० | |
| | | भित्ते लेखन, सटर पेन्टिङ्ग (जुनसुकै प्रयोजनको लागि) | प्रति वर्ग फिट | ५० | |

**<u>द्रष्टव्यः</u>**

१. अनुसूची-६ मा उल्लेख भए बमोजिमका प्रचार सामाग्रीहरुको नगरपालिकामा पूर्व स्वीकृति लिएर मात्र राख्न पाइने छ।

२. स्वीकृति नलिई राखिएका प्रचार सामाग्रीहरु र विदेशी तथा मल्टिनेशनल कम्पनीहरुको प्रचार सामाग्रीहरुको हकमा करको दरमा दोब्बर कर असुल गरिनेछ।

३. विज्ञापन प्रयोजनले घर, पसल, होटल, मल, कम्प्लेक्स, रेष्टुरेण्ट, शोरुम, पेट्रोल पम्प, सिनेमाहल, अस्पताल, मेला/महोत्सव, बैंक तथा वित्तीय संस्था भित्र वा बाहिर राखिने विज्ञापनजन्य बोर्ड, पोस्टर, पम्प्लेट, बन्टिङ्ग, झण्डा, सटर पेन्टिङ्ग, भ्याकुम, स्टिकर जस्ता सबै सामाग्रीहरुको कर संकलन गरिने छ।

४. कुनै फर्म तथा कम्पनीले आफ्नो व्यापार प्रवर्द्धनका लागि आफ्नो ब्राण्ड कलर तथा विज्ञापन सामाग्रीहरु नगरक्षेत्रभित्रका व्यवसायिक स्थानहरुमा जहाँ राखेपनि त्यसको कर लाग्नेछ।

५. नगरपालिका क्षेत्रभित्रका व्यवसायीहरुले आफ्नो परिचयको लागि बढीमा ४×५(२० वर्ग फिट) सम्मको १ थान बोर्डमा विज्ञापन कर लिन पाइने छैन।

## अनुसूची-७
### (दफा ८ संग सम्बन्धित)
### मनोरञ्जन कर

| सि.नं. | कर सूचि | विवरण | एकाई | दर (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १. | मनोरञ्जनकर | जादुसर्कस र खेल तमासा | प्रति दिन | ५०० | |
| अन्य मनोरञ्जन करको दर गण्डकी प्रदेश सरकारको आर्थिक ऐन, २०८० ले तोके बमोजिम हुनेछ । | | | | | |

## अनुसूची-८
### (दफा ९ संग सम्बन्धित)
### पटके व्यवसाय कर

| सि.नं. | कर सूचि | विवरण | एकाई | दर (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १. | फेन्सी/खुद्रासामान गाडीद्वारा घुमाएर बेच्नेहरुका लागि | | प्रति दिन | २०० | |
| २. | खाद्यान्न सामान गाडीद्वारा घुमाएर बेच्नेहरुका लागि | | प्रति दिन | २०० | |
| ३. | आलु/तरकारी गाडीद्वारा घुमाएर बेच्नेहरुका लागि | | प्रति दिन | २०० | |
| ४. | पोका/झोलामा सामान राखी मानिस आफैले बेच्ने | | प्रति दिन | २० | |
| ५. | पोका/झोलामा सामान राखी साइकलमा लिएर बेच्ने | | प्रति पटक | ५० | |
| ६. | पोका/झोलामा सामान राखी मोटरसाइकलमा लिएर बेच्ने | | प्रति पटक | ७० | |
| ७. | रांगाभैसी व्यवसायिक प्रयोजनमा आयात | | प्रति गोटा | २०० | |

| सि.नं. | कर सूचि | विवरण | एकाई | दर (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| ८. | खसी बोका बंगुर व्यवसायिक प्रयोजनमा आयात | | प्रति गोटा | ५० | |
| ९. | हाँस कुखुरा र अन्य पंक्षी व्यवसायिक प्रयोजनमा आयात | प्रति गाडी | | २०० | |
| | | प्रति मोटरसाईकल | | ७० | |
| | | प्रति साईकल | | ३० | |
| १०. | चनाचटपट पानी पुरी | प्रतिदिन | | ५० | |
| **नोटः** डोका डालामा तरकारी तथा फलफुल राखी बजारमा घुमाएर बेच्ने किसानहरुको हकमा पटके व्यवसाय कर लिईने छैन। | | | | | |

## अनुसूची ९

### (दफा १० संग सम्बन्धित)

### स्वास्थ्य सेवा शुल्क

| सि.नं. | विवरण | दर (रु.) | एकाई | कैफियत |
|---|---|---|---|---|
| १. | अस्पताल तथा नर्सिङ होम | १५००० | प्रति शैया | |
| | नविकरण | ३००० | प्रति शैया | |
| २. | डाइग्नोस्टिक सेन्टर | १५००० | प्रति सेवा | |
| | नविकरण | ३००० | प्रति सेवा | |
| ३. | पोलि क्लिनिक/क्लिनिक | १५००० | प्रति सेवा | |
| | नविकरण | ३००० | प्रति सेवा | |
| ४. | आयुर्वेद अस्पताल/बैकल्पिक चिकित्सा | ७००० | प्रति शैया | |
| | नविकरण | १५०० | प्रति शैया | |
| ५. | आयुर्वेद क्लिनिक | ७००० | प्रति सेवा | |
| | नविकरण | ७०० | प्रति सेवा | |
| ६. | डेन्टल क्लिनिक | १०००० | प्रति सेवा | |
| | नविकरण | १००० | प्रति सेवा | |

## अनुसूची-१०

### (दफा ११ संग सम्बन्धित)

### सरसफाई शुल्क

| सि.नं. | कर सूचि | विवरण | एकाई | दर (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १. | सरसफाई शुल्क | बजार क्षेत्र | मासिक | १५० | |
| | | बजार क्षेत्र बाहेक | मासिक | १०० | |

## अनुसूची-११

### (दफा १२ संग सम्बन्धित)

### शिक्षा सेवा शुल्क

| सि.नं. | कर सूचि | विवरण | एकाई | दर (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १. | विद्यालय संचालन स्वीकृत सिफारिस/ अनुमती (संस्थागत) | मन्टेश्वरी | | ३००० | |
| | | आधारभुतसम्म | | ३००० | |
| | | माध्यमिकसम्म | | ५००० | |
| | | क्याम्पससम्म | | ७५०० | |
| २. | विद्यालय कक्षा वृद्धि सिफारिस/ अनुमती (संस्थागत) | आधारभूतसम्म | | १००० | |
| | | माध्यमिकसम्म | | १५०० | |
| | | क्याम्पससम्म | | २००० | |
| ३. | शिक्षक सरुवा सिफारिस | जिल्लाभित्र | | १००० | |
| | | जिल्लावाहिर | | २००० | |
| ४. | विषयविज्ञ (शिक्षक) सूचीकृत आवेदन दस्तुर | मा.वि तह | | १००० | |
| | | आ.वि | | १००० | |
| ५. | मन्टेश्वरी दर्ता | | | २५०० | |
| ६. | बोर्डिङ्ग स्कुल | आधारभुत विद्यालय | बजार क्षेत्र | ४००० | |
| | | | ग्रामिण क्षेत्र | २५०० | |
| | | मा.वि. | बजार क्षेत्र | ७००० | |
| | | | ग्रामिण क्षेत्र | ३००० | |
| ७. | निजी क्याम्पस | | | ७००० | |

| सि.नं. | कर सूचि | विवरण | एकाई | दर (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| ८. | सामुदायिक विद्यालय प्रमाणीकरण | | | २०० | |
| ९. | आधारभूत तहको शैक्षिक प्रमाणपत्र नामथर जन्म मिति सच्याउने दस्तुर | | | ३०० | |
| १०. | विद्यालय लेखापरीक्षकका लागि आशयपत्रको निवेदन | | | ५०० | |

## अनुसूची-१२
### (दफा १३ संग सम्बन्धित)
### एफ. एम. सञ्चालन दस्तुर

| सि.नं. | विवरण | दर (रु.) | कैफियत |
|---|---|---|---|
| १. | एफ.एम. संचालन दर्ता नविकरण | | |
| क. | १०० कि.वा. सम्म | १५०० | |
| ख. | १०० कि.वा . भन्दा माथि | २५०० | |

## अनुसूची १३
### (दफा १४ संग सम्बन्धित)
### न्यायिक दस्तुर

| सि.नं. | कर सूचि | विवरण | एकाई | दररेट (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १. | निवेदन दस्तुर | उजुरी | | १०० | |
| २. | फिराद तथा उजुरी पत्र दस्तुर | | | १०० | **ठाडो उजुरी समेत** |
| ३. | प्रतिउत्तर पत्र दस्तुर | | | १०० | |
| ४. | मिलापत्रको निवेदन | | | १० | |
| ५. | मिलापत्र बक्सौनी | | | ५०० | मु.दे.का.सं.अनुसार लिने |
| ६. | सम्पत्ती रोक्का निवेदन | | | २०० | |
| ७. | वारिसनामा दस्तुर | | | १० | |
| ८. | मेलमिलाप कर्ता सूचिकृत | | | २०० | |

| सि.नं. | कर सूचि | विवरण | एकाई | दररेट (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| ९. | मेलमिलाप कर्ता नविकरण | | | १०० | |
| १०. | मिसिल नक्कल | | प्रति पाना | १० | |

## अनुसूची १४

### (दफा १५ संग सम्बन्धित)

### परिक्षा शुल्क

| सि.नं. | कर सूचि | विवरण | एकाई | दररेट (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १. | परीक्षा सम्बन्धी दरखास्त फाराम शुल्क | अधिकृतस्तर | | १००० | लोकसेवा आयोगको अनुसार |
| | | सहायकस्तर | | ४०० | |
| | | सहयोगीस्तर | | ३०० | |

## अनुसूची १५

### (दफा १६ संग सम्बन्धित)

### नक्सापास दस्तुर

| सि.नं. | भौतिक संरचनाको विवरण | एकाई | दररेट (रु.) (प्रति व.फि.) | | कैफियत |
|---|---|---|---|---|---|
| | | | नयाँ भौतिक संरचना | अभिलेखिकरण | |
| १. | आर.सी.सी.फ्रेम स्ट्रक्चर | एकढलान सम्म | ५ | १० | |
| | | दुईढलान सम्म | ६ | १२ | |
| | | सो भन्दा माथि | ८ | १६ | |
| २. | सिमेन्टको जोडाइमा इट्टा वा ढुंगाको गारो (न्यूनतम २३ से.मी. मोटाई)आर.सी.सी. टायल जस्तापाता छाना | | ४ | ३ | |
| ३. | GIS नक्सा A4 साईज | प्रतिपाना सादा | २५ | | |
| | | प्रतिपाना रंगिन | १०० | | |
| ४. | भवन निर्माण दरखास्त फाराम (पुस्तक) | | १००० | | |
| ५. | घर निर्माण नक्शाको नक्कल दस्तुर | | ७०० | | |

| | | | | |
|---|---|---|---|---|
| ६. | घर निर्माण प्रमाणापत्र नामसारी | | १००० | |
| ७. | माटोको जोडाईमा इट्टा वा ढुंगाको गारो-कच्ची घरको हकमा १ तला सम्म एकमुष्ट रु. ५०० र दुई तला र सो भन्दा माथि रु.७५० लाग्नेछ। | | | |

## अनुसूची १६
### (दफा १७ संग सम्बन्धित)
### स्थानीय उत्पादन शुल्क

| क्र.स | विवरण | इकाई | दररेट (रु.) |
|---|---|---|---|
| १. | ढुङ्गा, गिटी, बालुवा, ग्राबेल र रोडा | प्रति क्यु फिट | २.५० |
| २. | स्लेट | प्रति क्यु फिट | २.५० |
| ३. | भट्टामा प्रयोग गर्ने माटो | प्रति क्यु फिट | ०.३० |
| ४. | इट्टा निकासी | प्रति हजार | ५० |
| ५ | ब्लक निकासी | प्रति गोटा | ०.२० |
| ६ | पशु चौपाय सानो खसि बोका | प्रति गोटा | २० |
| ७ | पशु चौपाय ठुलो पाडा रागा बंगुर | प्रति गोटा | ५० |
| ८ | पक्षी कुखुरा हाँस लगायतका प्रजाति | प्रति गोटा | १ |
| ९ | अदुवा | प्रति क्वीन्टल | २० |
| १० | फलफूल सुन्तला केरा लगायतका फलफूल प्रजाति | प्रति क्वीन्टल | ५० |
| ११ | तरकारी | प्रति क्वीन्टल | २० |
| १२ | माछा | प्रति क्वीन्टल | २०० |
| १३ | **कटीङ्ग ढुङ्गा** | | |
| | १२ इन्च वा सो भन्दा ठुलो प्रति पिस | प्रति पिस | ०.५० |
| | १२ इन्च वा सो भन्दा सानो प्रति पिस | प्रति पिस | २५ |
| १४ | पानी | प्रति लिटर | ०.१० |
| १५ | साल जातको काठ गोलाँई | प्रति क्यु फिट | ३० |
| | साल जातको काठ चिरान | प्रति क्यु फिट | ५० |
| १६ | खयर जातको काठ गोलाई | प्रति क्यु फिट | २५ |
| १७ | सिसौ गोलाई | प्रति क्यु फिट | २० |
| | सिसौ चिरान | प्रति क्यु फिट | ३० |
| १८ | अन्य कुकाठ गोलाई | प्रति क्यु फिट | १० |
| | अन्य काठ चिरान | प्रति क्यु फिट | १५ |
| १९ | दाउरा | प्रति ट्याक्टर | ५०० |
| | | प्रति ट्रक | १५०० |
| २० | बाँस | प्रति घना | २ |
| २१ | सिसा | प्रति वोतल | रु.०.०५ प |

| क्र.स | विवरण | इकाई | दररेट (रु.) |
|---|---|---|---|
| २२ | प्लाष्टिक | प्रतिकिलो | रु.०.१ |
| २३ | कवाडी कागज | प्रतिकिलो | रु.०.२५ |
| २४ | टिन तथा फलाम | प्रतिकिलो | रु. ०.५ |
| २५ | डढेको मोविल | प्रतिलिटर | रु.०.२५ |

## अनुसूची-१७
**(दफा १८ संग सम्बन्धित)**
### पार्किङ्ग शुल्क

| सि.नं. | कर सूचि | विवरण | एकाई | दर (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १. | सवारी पार्किङ शुल्क | ठूला सवारी साधन | | ५० | |
| | | बस, मिनिबस, ट्रक, ट्याक्टर | | ३५ | |
| | | साना सवारी साधन | | २५ | |
| | | स्कुटर, मोपेड,मोटरसाइकल | | १० | |

## अनुसूची-१८
**(दफा १९ संग सम्बन्धित)**
### सेवा शुल्क दस्तुर

| सि.नं. | कर सूचि | विवरण | एकाई | दररेट (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| क | सिफारिस/प्रमाणित | | | | |
| १ | घरजग्गा नामसारी सिफारिस | | | ५०० | |
| २ | मोही लगत कट्टा सिफारिस | | | ५०० | |
| ३ | घर कायम सिफारिस | | | १००० | |
| ४ | सर्जमिन मुचुल्का | | | ३०० | |
| ५ | छात्रवृत्ति सिफारिस | विपन्न विद्यार्थी छात्रवृत्ति सिफारिस | | निःशुल्क | |
| | | अन्य | | २०० | |

| सि.नं. | कर सूचि | विवरण | एकाई | दररेट (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| ६ | अस्थायी बसोबास सिफारिस | | | ६०० | |
| ७ | स्थायी बसोबास सिफारिस | | | ५०० | |
| ८ | नागरिकता सिफारिस | नागरिकता/प्रतिलिपी | | १५० | |
| ९ | अंगिकृत नागरिकता सिफारिस | | | २५०० | |
| १० | बैवाहिक अंगिकृत नागरिकता सिफारिस | | | १००० | |
| ११ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | | | १००० | |
| १२ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | | | निःशुल्क | |
| १३ | विद्युत जडान सिफारिस | | सामान्य | ५०० | विपन्नलाई निःशुल्क |
| | | | थ्रिफेज | २००० | |
| | पुर्जा नभएको हकमा | | | १००० | |
| १४ | धारा जडान सिफारिस | | | ५०० | |
| १५ | जिवित रहेको सिफारिस | | | ५०० | |
| १६ | दुवैनाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस / फरक जन्म मिति संशोधन सिफारिस | | | ५०० | |
| १७ | जग्गा मूल्यांकन सिफारिस/हैसियत प्रमाणित | रु.५ लाखसम्म | | १००० | |
| | | रु.५ लाखदेखि ५० लाखसम्म | | ४००० | |
| | | रु.५० लाख माथि | | ६००० | |
| पुनः संशोधन वा प्रतिलिपि लिंदा जुन प्रयोजनका लागि सिफारिस गरिएको हो सोका लागि लाग्ने दस्तुरको १० प्रतिशत मात्र राजश्व लिईनेछ । | | | | | |
| १८ | व्यवसाय बन्द सिफारिस | | | ५०० | |
| १९ | व्यवसाय संचालन नभएको सिफारिस | | | ५०० | |
| २० | व्यापार व्यवसाय नभएको सिफारिस | | | ५०० | |
| २१ | अदालती शुल्क मिनाहा सिफारिस | | | निशुल्क | |
| २२ | नाबालक परिचयपत्र सिफारिस | | | १५० | |
| २३ | चौपाया ढुवानी सिफारिस | | | ५०० | |

| सि.नं. | कर सूचि | विवरण | एकाई | दररेट (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| २४ | उद्योग/व्यवसाय दर्ता सिफारिस | घरेलु/लघु | | ५०० | |
| | | साना | | ६०० | |
| | | मझौला | | १५०० | |
| | | ठूला | | २००० | |
| २५ | उद्योग ठाँउसारी सिफारिस | | | १५०० | |
| २६ | विद्यालय ठाँउसारी सिफारिस (संस्थागत) | | | १५०० | |
| २७ | आन्तरिक बसाईसराई सिफारिस | | | २०० | |
| २८ | व्यक्तिगत विवरण सिफारिस | | | ६०० | |
| २९ | जग्गा दर्ता सिफारिस | १ रोपनी सम्म | बजार क्षेत्र | १५०० | |
| | | | आवास क्षेत्र | १००० | |
| | | | कृषि क्षेत्र | ५०० | |
| | | १ रोपनी भन्दा माथि प्रति रोपनी थप | बजार क्षेत्र | ३०० | |
| | | | आवास क्षेत्र | २०० | |
| | | | कृषि क्षेत्र | १०० | |
| ३० | संरक्षक सिफारिस | व्यक्तिगत | | निःशुल्क | |
| | | संस्थागत | | ५०० | |
| ३१ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | | | निःशुल्क | |
| ३२ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस (प्लटिङ) | | | १५००० | |
| ३३ | जिवितसँगको नाता प्रमाणित | | | ७०० | |
| ३४ | मृतकसँगको नाता प्रमाणित | | | ५०० | |
| ३५ | कोठा खोल्न कार्य/ रोहबरमा बस्ने कार्य | | | १००० | |
| ३६ | निःशुल्क स्वास्थ्य उपचार सिफारिस | | | निःशुल्क | |
| ३७ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने कार्य | | | ७०० | |
| ३८ | संस्था सम्बन्धी सिफारिस | दर्ता/नविकरण | | ३०० | |

| सि.नं. | कर सूचि | विवरण | एकाई | दररेट (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| ३९ | घरबाटो प्रमाणित | | | ५०० | प्रतिकित्ता |
| ४० | चारकिल्ला प्रमाणित | | | ५०० | |
| ४१ | जन्म मिति प्रमाणित | | | ५०० | |
| ४२ | विवाह प्रमाणित | | | ५०० | |
| ४३ | घरपाताल प्रमाणित | | | निःशुल्क | |
| ४४ | कागज/मञ्जुरीनामा प्रमाणित | | | ५०० | |
| ४५ | हकवाला वा हकदार प्रमाणित | | | १००० | |
| ४६ | अविवाहित प्रमाणित | | | १००० | |
| ४७ | जग्गा रेखांकनको कार्य/ सो कार्यमा रोहबर | | | ५०० | |
| ४८ | जग्गाधनी पूर्जा हराएको सिफारिस | | | ५०० | |
| ४९ | पुर्जामा घरकायम गर्ने सिफारिस | | | ५०० | |
| ५० | अंग्रेजी सिफारिस तथा प्रमाणित | | | ५०० | |
| ५१ | लिखत प्रमाणित दस्तुर (लेनदेन) | | | ५०० | |
| ५२ | जन्मदर्ता | जन्मदर्ता | | २०० | पैंतिस दिनभित्र गरेमा निःशुल्क |
| | | प्रतिलिपि | | ५०० | |
| ५३ | मृत्युदर्ता | मृत्यूदर्ता | | २०० | पैंतिस दिनभित्र गरेमा निःशुल्क |
| | | प्रतिलिपि | | ५०० | |
| ५४ | बसाईसराई दर्ता | दर्ता | | २०० | पैंतिस दिनभित्र गरेमा निःशुल्क |
| | | प्रतिलिपि | | ५०० | |
| ५५ | सम्बन्ध विच्छेद दर्ता | दर्ता | | २०० | पैंतिस दिनभित्र गरेमा निःशुल्क |
| | | प्रतिलिपि | | ५०० | |
| ५६ | विवाहदर्ता | विवाहदर्ता | | २०० | पैंतिस दिनभित्र गरेमा निःशुल्क |
| | | प्रतिलिपि | | ५०० | |

| सि.नं. | कर सूचि | विवरण | एकाई | दररेट (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| ५७ | व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताव हेरेको दस्तुर | | | ३०० | |
| ५८ | जन्मदर्ता प्रमाण पत्रमा नामथर र जन्ममिति सच्याउने | | | २०० | ऐनमा भए बमोजिम हुने |
| ५९ | उल्लेखित बाहेक अन्य स्थानीय आवश्यकता अनुसारका सिफारिस/प्रमाणितहरु | | | ५०० | |
| ६० | पेन्सन कार्ड वा सो सम्बन्धी सिफारिस | हकवाला संरक्षण सम्बन्धी सिफारिस | | ६०० | |
| | | पेन्सन पारिवारीक विवरण सिफारिस | | ६०० | |
| | | पेन्सनका लागि अन्य सिफारिस | | ६०० | |
| ६१ | संघ संस्था सम्बन्धी दस्तुर शुल्क | दर्ता सम्बन्धी दस्तुर | | १००० | |
| | | नवीकरण सम्बन्धी दस्तुर | | ५०० | |
| | | प्रमाणित सम्बन्धी दस्तुर | | ५०० | |
| ६२ | समुह/संस्थाको विधान फोटोकपी प्रमाणित | प्रतिपाना | | १० | |
| ६३ | काठ दाउराको कटान सिफारिस | | | ५०० | कुकाठ |
| | अन्य | | | १००० | |
| ६४ | सनाखतको सिफारिस | | | ५०० | |
| ६५ | अमिन शुल्क | | | ३००० | |
| ६६ | टेलिफोन सिफारिस | | | ५०० | |
| ६७ | टेलिफोन टावर सिफारिस/अनुमति सिफारिस | | | २००० | |
| ६८ | प्लटिङ्ग सेवा शुल्क | पाँच रोपनीका लागि | प्रति रोपनी | १५००० | प्लटिङको मापदण्ड लागू हुने |

| सि.नं. | कर सूचि | विवरण | एकाई | दररेट (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| | | पाँचरोपनी देखि दश रोपनी सम्म | प्रति रोपनी | १०००० | |
| | | दश रोपनी देखि माथि | प्रति रोपनी | ७००० | |
| ६९ | व्यवसाय दर्ता प्रमाणपत्र प्रतिलिपि दस्तुर | | | २०० | |
| ७० | व्यवसाय नामसारी | | | २०० | |
| **ख** | **अन्य सिफारिस/प्रमाणित** | | | | |
| १ | सिफारिसका लागि निवेदन दस्तुर | | | निःशुल्क | |
| २ | अन्य फुटकर निवेदन | | | निःशुल्क | |
| ३ | कोटेशन फाराम शुल्क | | | आर्थिक प्रशासन नियमानुसार | |
| ४ | टेन्डर फाराम शुल्क | | | आर्थिक प्रशासन नियमानुसार | |
| ६ | घरपालुवा कुकुर दर्ता र नवीकरण दस्तुर | | | १०० | |
| ७ | भरुवा बन्दुक सिफारिस दस्तुर | | | २०० | |

## अनुसूची-१९

**(दफा २० संग सम्बन्धित)**

## साना सवारी साधन कर

| सि.नं. | कर सूचि | विवरण | एकाई | दर (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | अटोरिक्सा, ई-रिक्सा, टाँगा | | वार्षिक कर | २००० | |
| | | | दर्ता शुल्क | १००० | |

## अनुसूची-२०

**(दफा २१ संग सम्बन्धित)**

## पर्यटन शुल्क

| सि.नं. | कर सूचि | विवरण | एकाई | दर (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रवेश शुल्क | घाङ्च ल्हूम | | ३०।- | |
| | | सतिकोट गुफा | | २० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सिद्धगुफा | | ५० | पिकनिकको लागि १०००।— लाग्ने |

## अनुसूची-२१
## (दफा २२ संग सम्बन्धित)
## बहाल बिटौरी शुल्क

| क्र.स. | कर विवरण | बिटौरी शुल्क |
|---|---|---|
| १. | नगरपालिका आफैले निर्माण रेखदेख वा सञ्चालन गरेको संरचना उपयोग गरे वापत | कार्यपालिकाको निर्णय अनुसार |
| २. | सार्वजनिक, र ऐलानी जग्गामा बनेका संरचनाहरुमा | प्रति वर्ग फुटमा रु.१ (जसमा पक्की तला अनुसार थप हुन सक्ने ) |
| ३. | सार्वजनिक तथा ऐलानी जग्गा प्रयोग गरे वापत | प्रति रोपनी रु.३०००।— (वार्षिक रुपमा) |

**द्रष्टव्य :-**

१. अनुसूची-२१ को बुदाँ नं. २ मा उल्लेखित जग्गामा पक्की तला अनुसार सोही बमोजिम बढ्दै जानेछ ।

२. बहाल बिटौरी करको दर नगरपालिका भर एउटै रहनेछ ।

## अनसुची-२२
## (दफा २३ संग सम्बन्धित)
## जलस्रोतको उपयोग तथा अनुमति दस्तुर

| क्र.स. | जलस्रोतको उपयोय, सर्वेक्षण र अनुमति सम्बन्धी दस्तुर शुल्क | दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | अनुमति पत्र दस्तुर शुल्क | १५०० | |
| २ | खानेपानी र घरेलु उपयोग | १००० | |
| ३ | सिंचाई | २५०० | |
| ४ | पशुपालन तथा मत्स्य पालन जस्ता कृषि जन्य उपयोग | २००० | |
| ५ | घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानी जन्य उपयोग | १०००० | |
| ६ | जल यातायात | ५००० | |
| ७ | अन्य उपयोग | ५०० | |

| क्र.स. | जलस्रोतको उपयोय, सर्वेक्षण र अनुमति सम्बन्धी दस्तुर शुल्क | दर (रु.) | कैफियत |
|---|---|---|---|
| ८ | खानेपानी र घरेलु उपयोग | १००० | |
| ९ | पानीको मुहान दर्ता/जलस्रोत उपभोक्ता समिति दर्ता | ५०० | |
| | नविकरण | २५० | |

**अनुसूची- २३**
**(दफा २४ संग सम्बन्धित)**
**प्राकृतिक स्रोत शुल्क**

गण्डकी प्रदेश सरकारको आर्थिक ऐन, २०८० ले तोके बमोजिम हुनेछ।

**अनुसूची-२४**
**(दफा २५ संग सम्बन्धित)**
**दण्ड जरिवाना**

| क्र.स. | विवरण | दस्तुर रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १. | अनुमति नलिई प्लटिङ्ग गरेमा | २० हजार | ५ रोपनी सम्मको लागि |
| २. | अनुमति नलिई पलटिङ्ग गरेमा | ५० हजार | ५ रोपनी भन्दा बढीको लागि |
| ३. | आय ठेक्का वाहेक नगरपालिकामा बुझाउनुपर्ने कर तथा गैर कर सोही आर्थिक वर्ष भित्र तोकिएको समयमा नबुझाएमा | १० प्रतिशत | |
| ४. | निषेधित क्षेत्रमा निर्माण सामाग्री राखेमा | रु.१०००।- | एक पटकको लागि |
| ५. | सार्वजनिक स्थानमा विभिन्न प्रकारका फोहरमैला फालेमा | प्रचलित कानून बमोजिम | |
| ६ | प्राकृतिक जन्य सामाग्रीहरु जस्तै गिट्टि वालुवा ढुङ्गा माटो आदि सामानको अनुमति बेगर उत्खनन् तथा निकासी गरेको पाईएमा | | |
| क | मेसेनरी औजार तथा जे.सि.भि. सार्वजनिक जग्गामा उत्खनन् गरेमा | ३०००० | |
| ख | मेसेनरी औजार तथा जे.सि.भि. निजी जग्गामा उत्खनन  गरेमा | २०००० | |

| क्र.स. | विवरण | दस्तुर रकम (रु.) | कैफियत |
|---|---|---|---|
| ग | ट्रिपर प्रयोग भएमा | २०००० | |
| घ | ट्याक्टर प्रयोग भएमा | १२००० | |
| ङ | दोस्रो पटक सबैको लागि सामान जफत सहित | थप १० प्रतिशत | |
| ७. | तोकिएको भन्दा बढी गहिराइमा उत्खनन गरेमा | ३० हजार रुपैया | |
| ८. | बिहान ६ बजे अघि र बेलुकी ६ बजे पश्चात उत्खनन् तथा सङ्कलन कार्य गरेमा | क्रम सख्या ६ बमोजिमकै जरिवाना | |
| ९. | पानी, हिलो, धुलो वा गिट्टी चुहाउदै, उडाउदै वा झार्दै नदिजन्य स्रोतको ढुवानी गरेमा | ३ हजार रुपैया प्रतिपटक, पटकेमा दोब्बर तेब्बर हुँदै जाने | |
| १०. | आर्थिक वर्षको अन्तमा स्टक प्रमाणित नगरेमा | न्यूनतम राजश्व गणना गरी सो को १० प्रतिशत | |
| ११. | सामाजिक संघ संस्था समयमा दर्ता गर्न नआएमा | रु.१०० | |
| १२. | कर सम्बन्धी झुटो विवरण पेश गरेमा | पचास प्रतिशत कर रकमको | |
| १३. | अण्डर ग्राउण्ड पार्किङ प्रयोजनको लागि नक्सापास गरी अन्य कार्य गरेमा | रु.१००० | |

नगर सभाको चौधौ अधिवेशनको मिति २०८०/०३/१५ गतेको तेस्रो बैठकले राय सुझाव सहित सर्वसहमतिले स्वीकृत गरेको यस आर्थिक ऐन, २०८० स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम प्रमाणीकरण गर्दछु।

.........................

(दधिराज सुवेदी)

प्रमाणीकरण मितिः २०८०/०३/२५

प्रमुख